# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १५, अङ्क १
(२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)


## कर्णाली प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतद्वारा प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रुपमा स्थिति सूचक प्रकाशन गर्दै आएको छ। सन् २०२६ को जनवरीदेखि मार्चसम्म कर्णाली प्रदेशमा भएका विभिन्न घटनाले यहाँको मानव अधिकार अवस्था अझै चुनौतीपूर्ण रहेको देखाउँछ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारदेखि लिएर नागरिक तथा राजनीतिक अधिकारसम्मका क्षेत्रमा राज्यको प्रभावकारी उपस्थिति कमजोर देखिएको छ। विशेषगरी दलित, महिला, गरिब तथा दुर्गम क्षेत्रका नागरिकहरू सबैभन्दा बढी प्रभावित बनेका छन्।

मुगुको छायाँनाथ रारा नगरपालिका-८ चुगाँ गाउँको दलित बस्तीको अवस्था आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको गम्भीर उल्लङ्घनको उदाहरण हो। करिब ५० वर्षदेखि त्यहाँका नागरिक आधारभूत सेवा-सुविधाबाट वञ्चित छन्। रारा राष्ट्रिय निकुञ्जको कोर क्षेत्रमा परेका कारण स्थानीयले शिक्षा, स्वास्थ्य, खानेपानी, आवास तथा विकास निर्माणजस्ता आधारभूत अधिकार प्रयोग गर्न पाएका छैनन्। राज्यले संरक्षण नीतिलाई प्राथमिकता दिँदा त्यहाँ बसोबास गर्ने दलित समुदायको जीवन र अस्तित्वलाई बेवास्ता गरेको देखिन्छ। स्वास्थ्य चौकी नहुँदा बिरामी र गर्भवती महिलालाई डोकोमा बोकेर सडकसम्म पुऱ्याउनुपर्ने अवस्था मानव मर्यादामाथिको प्रश्न हो। यसले कर्णालीमा विकास र मानव अधिकारबीच सन्तुलन कायम गर्न नसकिएको स्पष्ट देखाउँछ।

त्यसैगरी, डोल्पाको त्रिपुरासुन्दरी गाउँपालिका-५ मा जुन रोकाया बेपत्ता भएको घटनाले नागरिक तथा राजनीतिक अधिकार, विशेषगरी जीवन र स्वतन्त्रताको अधिकारप्रति गम्भीर प्रश्न उठाएको छ। प्रहरीले नियन्त्रणमा लिन खोज्दा उनी बेपत्ता भएको र त्यसपछि स्थानीयले प्रहरीमाथि आक्रमण गर्नु राज्यप्रति जनविश्वास कमजोर हुँदै गएको संकेत हो। घटनाको छानबिन समिति गठन भए पनि प्रतिवेदन सार्वजनिक नहुनुले जवाफदेहिताको अभाव देखाउँछ। बेपत्ता पारिने घटनामा प्रभावकारी अनुसन्धान नहुनु दण्डहीनताको संकेतका रूपमा पनि लिन सकिन्छ।

सुर्खेतको गुर्भाकोट नगरपालिका-१२ मा माया कठायत र उनका दुई सन्तानको मृत्यु भएको घटनाले घरेलु हिंसा कर्णालीमा अझै भयावह रहेको पुष्टि गर्छ। लगातारको शारीरिक तथा मानसिक यातनाका कारण आमाले आफ्ना सन्तानसहित नदीमा हाम फाल्नुपर्ने अवस्था सिर्जना हुनु महिला संरक्षण प्रणालीको कमजोरी हो। घरेलु हिंसालाई समयमै रोकथाम गर्न नसक्दा त्यसले आत्महत्या, हत्या वा पारिवारिक विघटनसम्मको रूप लिन सक्छ भन्ने यो घटनाले देखाउँछ। यसले महिलाको सुरक्षित जीवन, मानसिक स्वास्थ्य र न्यायमा पहुँच कमजोर रहेको संकेत गर्छ।

रुकुम पश्चिममा जेलभित्र मृत्यु भएको घटना

विशेष चिन्ताको विषय हो। यसले हिरासत तथा कारागारभित्र मानव अधिकार संरक्षणको अवस्थाबारे प्रश्न उठाउँछ। जुम्लामा छुवाछूतको घटना अभिलेख हुनु संविधानले निषेध गरेको जातीय विभेद व्यवहारमा अझै कायम रहेको प्रमाण हो।

सन् २०२६ को जनवरीदेखि मार्चसम्म तीन महिनामा राज्य पक्षबाट ३७ जना पुरुष, तीन जना महिला तथा अन्य पक्षबाट ४५ जना महिला र १५ जना पुरुष गरी कुल १ सय जना पीडित भए। जसमध्ये राज्य पक्षबाट १९ जनालाई गिरफ्तार गरिएको छ भने अन्य पक्षबाट तीन जना महिला सहित पाँच जनालाई कुटपिट गरिएको र कुटपिटबाट चार जना महिला तथा तीन जना पुरुष घाइते भएको इन्सेकले अभिलेख गर्‍यो। गिरफ्तार गरिएका मध्ये एक पीडितले आफूलाई प्रहरीले नियन्त्रणमा लिई यातना दिएको भन्दै यस अवधिमा राष्ट्यि मानव अधिकार आयोगमा उजुरी दिए। आयोगले दुबैपक्षसँग बयान समेत लिइ सकेको छ।

यस अवधिमा तीन जना महिलाको परिवारजनबाट हत्या भएको छ। यी घटनाले प्रदेशमा महिला, बालबालिका तथा कमजोर समुदायमाथिको हिंसा अझै चुनौतीका रूपमा रहेको देखाउँछ। विशेषगरी यौन हिंसा, घरेलु हिंसा, कुटपिट, हत्या तथा सामाजिक विभेदका घटना बढी रहेका छन्। इन्सेकले अभिलेख गरेका घटनामध्ये बलात्कार, हाडनाता करणी, सामूहिक बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहारका घटना बढी छन्।

**नारायण सुवेदी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च २०२६)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तारी | | १९ | १९ | | | | १९ |
| घाइते | ३ | १६ | १९ | १ | ५ | ६ | २५ |
| कुटपिट | | १ | १ | २ | २ | ४ | ५ |
| बाल अधिकार | | | | २३ | | २३ | २३ |
| जातीय विभेद | | | | | १ | १ | १ |
| हत्या | | | | १ | ७ | ८ | ८ |
| कारागारमा मृत्यु | | १ | १ | | | | १ |
| महिला अधिकार | | | | १७ | | १७ | १७ |
| धम्की | | | | | १ | १ | १ |
| जम्मा | ३ | ३७ | ४० | ४५ | १५ | ६० | १०० |

# कर्णाली प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८२ पुस १७ गतेदेखि २०८२ चैत १७ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

### हत्या

#### अन्यपक्षबाट

**जुम्ला**

कनकासुन्दरी गाउँपालिका-४ साहुँवाडा गाउँकी ७० वर्षीया महेश्वरा सुनारको ०८२ चैत ६ गते हत्या गरेको आरोपमा सोही गाउँकी ४० वर्षीया शोभा सुनार र २७ वर्षीय हिक्मत विश्वकर्माविरुद्ध आफन्तले चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितहरुलाई चैत ९ गते गिरफ्तार गऱ्यो। टाउकोमा धारिलो हतियारले प्रहार गरी हत्या गरिएको आशंका गरिएको छ। घटनाको कारण भने अझै खुल्न सकेको छैन। मृतक सुनार गम्भीर घाइते अवस्थामा भेटिएपछि उपचारको क्रममा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा चैत ८ गते बिहान मृत्यु भयो। उनको टाउको र आँखामा चोट लागेको थियो। शवको पोष्टमार्टम चैत ९ गते भयो। परिवारजनले शवको सद्गत चैत १० गते गरे।

### गिरफ्तारी

**सल्यान**

शारदा नगरपालिका-३ बसपार्क नजिकै बस्ने ३१ वर्षीय जुद्धबहादुर सिंह र शारदा नगरपालिका-२ डाँडागाउँका ३१ वर्षीय चन्द्रबहादुर केसीले ०८२ फागुन ११ गते शारदा नगरपालिका-३ नयाँ बसपार्कमा निर्वाचन पोष्टर जलाई भिडियो बनाई सामाजिक सञ्जालमा राखेको भन्दै प्रहरीले फागुन १२ गते आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गऱ्यो। प्रहरीले आरोपिलाई फागुन १२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरुविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमा मार्फत् फागुन १७ गते जिल्ला प्रसाशन कार्यालयमा अभियोग दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयले फागुन १७ गते सिंहलाई २५ हजार र केसीलाई १५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। हाल मुद्दा चालु अवस्थामा छ।

**सुर्खेत**

वीरेन्द्रनगर नगरपालिमा 'THE DANGEROUS SKULL' नामक युवा क्लबका सदस्यहरूले माघ २४ गते स्थानीय प्रशासनको अनुमति बिना कालो, सेतो रङ्गका झण्डा बोकी मोटरसाइकल र स्कुटीमा ऱ्याली निकालेर सार्वजनिक शान्ति सुरक्षा खलल पुऱ्याएको भन्दै प्रहरीले सोही दिन वीरेन्द्रनगर नगरपालिका-३ का १८ वर्षीय कुलबहादुर शाही, सोही ठाउँका २४ वर्षीय लोकराज शाही, १९ वर्षीय कमल मल्ल, १८ वर्षीय प्रविनराज शाही, १८ वर्षीय शिव थापा मगर, २० वर्षीय पवन कार्की, २१ वर्षीय सरवजंग शाही, वीरेन्द्रनगर नगरपालिका-५ का २० वर्षीय सुदीप शाहीलाई गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरुलाई सार्वजनिक शान्ति सुरक्षा खलल् पारेको अभियोगमा मुद्दा चलायो। फागुन २३ गते प्रशासनको आदेशले तारेखमा रिहा गऱ्यो । हालसम्म उक्त मुद्दाको फैसला भएको छैन।

जिल्ला प्रहरी कार्यालय सुर्खेतले ०८२ फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचन बिथोल्न सक्ने आशंकामा फागुन १३ गते आठ जनालाई गिरफ्तार गऱ्यो। प्रहरीले चुनाव विरोधी गतिविधिमा संलग्न हुनसक्ने आशंकामा वीरेन्द्रनगर नगरपालिका- २ का क्रान्तिकारी कम्युनिस्ट पार्टीका जिल्ला इन्चार्ज ६५ वर्षीय नारायण न्यौपाने, कालीकोटको नरहरीनाथ गाउँपालिका-७ का वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका ३० वर्षीय जिल्ला सचिव धीर दर्जी (डेबिट परियार), सान्नी त्रिवेणी गाउँपालिका-६ का क्रान्तिकारी कम्युनिस्ट पार्टीका ब्युरो सदस्य ४१ वर्षीय कर्णबहादुर बिसी, कैलालीको धनगढी उपमहानगरपालिका-१२ का वैज्ञानिक समाजवादीका जिल्ला सचिव श्याम कुवँर, सुर्खेतको वीरेन्द्रनगर- ११ का बहुमत पार्टीका जिल्ला सचिव ३८ वर्षीय राजु भनिने राजकुमार पौडेल, सुर्खेतकै भेरीगंगा नगरपालिका- १२ का नेकपा (क्रान्तिकारी)का जिल्ला सचिव ५४ वर्षीय रन्तबहादुर वली, भेरीगंगा नगरपालिका-९ का वटा कमिटी सदस्य ६६ वर्षीय पूर्ण तिरुवा र रुकुम पश्चिमको चौरजारी नगरपालिका-८ का ३८ वर्षीय मानबहादुर मल्ललाई गिरफ्तार गऱ्यो।

**बाल अधिकारविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | १५ |
| यौन दुर्व्यवहार | २ |
| सामूहिक बलात्कार | १ |
| हाडनाता करणी | ४ |
| बलात्कारपछि हत्या | १ |
| जम्मा | २३ |

प्रहरीले फागुन १४ गते मात्रै गिरफ्तार गरिएकाहरुको नाम सार्वजनिक गरेको थियो। चुनाव बहिष्कार गरेका विभिन्न राजनीतिक दलमा आवद्ध व्यक्तिहरूले निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेकोले गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी मोहनजंग बुढथापाले बताए। आरोपितहरू विरुद्ध शान्ति सुरक्षामा खलल् पुऱ्याएको कसुरमा मद्दा चलाइ फागुन २५ गते निर्वाचन सम्पन्न पश्चात तारेखमा प्रहरीले रिहा गऱ्यो। गिरफ्तार गरिएका नारायण न्यौपानेले आफू र आफ्नो छोरालाई प्रहरीले कुटपिट र दुर्व्यवहार गरेको भन्दै ०८२ चैत ८ गते राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयमा उजुरी दिए। उजुरीपछि आयोगले उक्त उजुरीपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतसँग घटनाका सम्बन्धमा जानकारी मागेको छ। घटनाका विषयमा अनुसन्धान चलिरहेको आयोगको प्रदेश कार्यालयका प्रमुख रमेशकुमार थापाले बताए।

सामाजिक सञ्जाल टिकटकमा फागुन १७ गते खुकुरी देखाइ सार्वजानिक शान्ती सुरक्षा खलल गरेको आरोपमा प्रहरीले दैलेख जिल्ला दुल्लु नगरपालिका-१० छुवाला घर भई हाल सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१० बस्ने ३५ वर्षीय चक्रराज हमाललाई फागुन १८ गते गिरफ्तार गऱ्यो। आरोपित हमालले टिकटकमा खुकुरी देखाइ सार्वजानिक शान्ती सुरक्षा खलल विरुद्धको कसुरमा अनुसन्धान गरी चैत २६ गते प्रशासनमा अनुसन्धान प्रतिवेदन बुझाएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी मोहनजंग बुढथापाले बताए। सोही दिन प्रशासनको निर्णयले आरोपितलाई ५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गऱ्यो ।

### झडप

**सुर्खेत**

नेकपा एमालेको वीरेन्द्रनगरमा ०८२ चैत १६ गते साँझ भएको मसाल जुलुसका क्रममा प्रहरी र एमाले नेता कार्यकर्ताबिच झडप हुँदा दुई दर्जन बढी नेता कार्यकर्ता तथा प्रहरी घाइते भए। प्रदर्शनकारीको मुक्का प्रहारबाट नगर प्रहरी कार्यालयका प्रमुख इन्स्पेक्टर राजन भट्टराईको दाँत भाँचिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी मोहनजंग बुढथापाले बताए। एमाले सुर्खेतका अनुसार केन्द्रीय सदस्य ६५ वर्षीय नवराज रावत, जिल्ला समन्वय समिति सुर्खेतका प्रमुख ५० वर्षीय गंगाराम सुनार, एमालेका जिल्ला अध्यक्ष ५१ वर्षीय कुलमणि देवकोटा, उपाध्यक्ष ४६ वर्षीय मोहन सिंह बडुवाल, सचिव ५० वर्षीय डम्मर तिवारी, उपसचिव ४५ वर्षीय शुसीला विश्वकर्मा, प्रदेश सभाकी पूर्व सांसद ६० वर्षीय राजु नेपाली, वीरेन्द्रनगर नगरपालिकाका उपप्रमुख ४० वर्षीय निलकण्ठ खनाल, वडा नम्बर १६ का वडाअध्यक्ष ५० वर्षीय डण्ड बिक घाइते भए। त्यस्तै कार्यकर्ताहरुमा मोति विक, खगेन्द्र गुरुङ, भीमबहादुर खत्री, कमल खड्का (जुनी), मानबहादुर रोकाया, नरबहादुर विसी, छविलाल बादी र जयबहादुर सिंह लगायत ३० जना नेता कार्यकर्ता घाइते भएको एमालेका जिल्ला उपाध्यक्ष मोहनसिंह बडुवालले बताए। उनका अनुसार शान्तिपूर्ण आन्दोलन गरेर पार्टी कार्यालयमा बसिरहेका नेता कार्यकर्तामाथि प्रहरीले बलपूर्वक दमन गरेको हो। उक्त विषयमा कानुनी प्रक्रियामा जाने उपाध्यक्ष बडुवालको भनाइ छ। घाइते सबैको चैत १६ गते कर्णाली केयर अस्पताल सुर्खेतमा उपचार भयो। हालसम्म उक्त मुद्दा कानुनी प्रक्रियामा गएको छैन।

## कुटपिट

### राज्यपक्षबाट

#### जाजरकोट

जुनिचाँदे गाउँपालिकाका उपाध्यक्ष विरेन्द्र बहादुर शाहीले ०८२ पुस १७ गते गाउँपालिकाका कार्यालय सहयोगी लालबहादुर शाहीलाई कार्यालयमै मदिरा सेवन गरेर कुटपिट गरेको भन्दै पीडितले सोही दिन प्रहरीचौकी जुनिचाँदेमा उजुरी दिए। काम गरिरहेको समयमा मदिरा सेवन गरी कार्यालयमा प्रवेश गरेका उपाध्यक्षले गालीगलौज गरी हातपात गरेपछि प्रहरी चौकीमा उजुरी दिएको बताए। पीडितका अनुसार केही महिनादेखि उपाध्यक्ष शाहीले धम्की दिँदै आएका थिए। उपाध्यक्ष शाहीले आफूबाट गल्ती भएको स्वीकार गर्दै मेलमिलाप गरेको बताए।

#### रुकुम पश्चिम

सानीभेरी गाउँपालिका-३ खाराकी २८ वर्षीया सुशिला केसी बिष्टलाई ०८२ पुस ३० गते सोही गाउँपालिकामा कार्यरत नगर प्रहरी २८ वर्षीय बालकृष्ण नकालले लाठ्ठी र ढुङ्गाले हानेर घाइते बनाएको भन्दै पीडितले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। सोही दिन प्रहरीले आरोपितलाई गिरफ्तार गर्‍यो। प्रहरीले माघ १२ गते सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। सरकारी वकिल कार्यालयले माघ १५ गते अदालतमा अभियोजन दर्ता गर्‍यो। अदालतको माघ १८ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा छोड्ने आदेश दियो। पीडितको उपचार पुस ३० गते कोहलपुर मेडिकल कलेजमा भयो।

### अन्यपक्षबाट

#### जुम्ला

सिंजा गाउँपालिका-६ रुघा गाउँमा ०८२ फागुन १९ गते नेपाली कम्युनिष्ट पार्टी (नेकपा) कार्यकर्तालेसोही गाउँका राप्रपाका कार्यकर्ता १८ वर्षीय जयालाल बुढामाथि कुटपिट गरे। उनको फागुन २० गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा उपचार भयो। मौन अवधिको समयमा पैसा वितरण गरेर भोट बिक्री वितरण भइरहेको जानकारी भएपछि त्यो ठाउँमा जाँदा झडप भएपछि उनी घाइते भएका थिए। घटना बारे प्रहरीमा जानकारी भएपनि उजुरी नआएको जिल्ला प्रहरी कार्यालय जुम्लाका डिएसपी रविन बाबु रेग्मीले बताए।

#### रुकुम पश्चिम

चौरजहारी नगरपालिका-६ का नेकपा (एमाले) वडा कमिटी संयोजक तथा चुनाव प्रचार-प्रसार समिति उपसंयोजक २१ वर्षीय महेश बुढाथोकीलाई ०८२ माघ २६ गते दिउँसो आफ्नो विरुद्ध गतिविधि गरेको भन्दै नेपाली कम्युनिष्ट पार्टीका कार्यकर्ताहरु सोही नगरपालिका-७ का २७ वर्षीय समीर केसी र वडा नम्बर ६ का ३८ वर्षीय मानबहादुर बिक (प्रकास) ले वडा नम्बर ६ को वडा कार्यालय नजिकै कुटपिट गरी घाइते बनाएको नेकपा एमाले जिल्ला कार्यालय सचिव गंगाराम रोकायाले बताए। आरोपितविरुद्ध पीडितले माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिममा आरोपितहरु आफै उपस्थित भएपछि फागुन ४ गते उनीहरुलाई हिरासतमा राखेर अनसुन्धान भयो। हाल उक्त मुद्दा कानुनी प्रक्रियामा रहेको प्रहरीले जनायो। घाइतेको सोही दिन चौरजहारी अस्पतालमा प्राथमिक उपचारपछि अहिले कोहलपुर मेडिकल कलेजमा उपचार भयो। पीडितका अनुसार उनको दाँया आँखा र टाउकोमा चोट लागेको थियो। अभिलेख नं.३

## कारागारमा मृत्यु

#### रुकुम पश्चिम

रुकुम पश्चिमस्थित कारागार भित्र अचेत बनेका बाँफिकोट गाउँपालिका-१० का ५९ वर्षीय मनबहादुर बुढाको ०८२ चैत ४ गते बिहान मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयका रुकुमपश्चिमका अनुसार बिहान १:३० बजेतिर बुढा अचानक बेहोस भएपछि उपचारको लागि तत्काले जिल्ला अस्पताल सल्लेमा लगिएको थियो। उपचारको क्रममा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी हरिप्रसाद पुनले बताए। उपचारका संलग्न डा. मितु सदाशंकरका अनुसार बुढालाई अत्याधिक रक्तचाप, श्वासप्रश्वास र मधुमेहको समस्या देखिएको थियो। उपचारको क्रममा बिहान ५ बजे मृत घोषणा गरियो। बुढा कर्तव्य ज्यान मुद्दामा कैद सजाय भोगिरहेका थिए। ०८२ कात्तिक २६ गते इन्सेक र मानव अधिकार आयोग कर्णाली प्रदेशको टोलीले रुकुमपश्चिमको कारागार अनुगमन गरेको थियो। अनुगमनका क्रममा क्षमताभन्दा बढी कैदी, नियमित स्वास्थ्य जाँच नभएको,

आफन्तसँग भेटघाट गर्न नपाएको विषय प्रतिवेदनमा उल्लेख गरिएको थियो।

## बाल अधिकार

### हत्या

#### दैलेख

दुल्लू नगरपालिका-२ पानसैनका १५ वर्षीय प्रकाश खनालको ०८२ माघ २९ गते हत्या गरेको भन्दै पीडित पक्षले सोही दिन दुल्लु नगरपालिका-१० गमौडीका १९ वर्षीय विभूषण शाही र १७ वर्षीय बालक विरुद्ध जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दियो। प्रहरीले आरोपितहरुलाई माघ २९ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन १ गते दैलेख जिल्ला अस्पतालमा भयो। परिवारजनले शवको फागुन २ गते सद्गत गरे। एउटै युवतीसँग प्रेम परेको भन्दै आरोपितहरुले हत्या गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनायो। प्रहरीले अनुसन्धान सकेर फागुन २५ गते जिल्ला सरकारी वकील कार्यालय मार्फत दैलेख जिल्ला अदालतमा कर्तव्य ज्यान सम्बन्धी अभियोग दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको फागुन २६ गतेको इजलासले आरोपित मध्ये विभूषण शाहीलाई पुर्पक्षका लागि दैलेख कारागार र बालकलाई बाल सुधार गृह नौबस्ता बाँकेमा पठाएको दैलेख जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले बताए। मुद्दाको तहकीकात चलिरहेको छ।

#### जाजरकोट

जुनीचाँदे गाउँपालिका-४ लुहादका १५ वर्षीय खिमराज विष्टलाई ०८२ माघ १० गते जुनीचाँदे गाउँपालिका-४ पाथीरभारा जंगलमा सोही वडाका १२, १४ र १५, वर्षीय बालकहरुले हत्या गरेको भन्दै पीडितका बाबु ५३ वर्षीय लक्षवीर विष्टले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई सोहि दिन गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम माघ १३ गते जिल्ला अस्पताल जाजरकोटमा भयो। सरकारी वलिक कार्यालयको ०८२ फागुन ४ गतेको निर्णय अनुसार आरोपितहरुलाई परिवारको जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएस्पी बसन्तकुमार शर्माले बताए। परिवारजनले शवको सद्गत माघ १४ गते गरे।

### बलात्कारपछि हत्या

#### सुर्खेत

गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भई हाल वीरेन्द्रनगर नगरपालिका-१ मा बस्दै आएकी १६ वर्षीया इनिसा विकको फागुन २३ गते बलात्कारपछि हत्या गरेको आरोपमा १६ वर्षीय बालकलाई प्रहरीले सोही दिन घटनास्थलबाटै गिरफ्तार गऱ्यो। पीडित पक्षले फागुन २४ गते दिएको उजुरीको आधारमा शवको पोष्टमार्टम प्रदेश अस्पताल सुर्खेतमा भयो। बालिकाको शव २३ गते दिउँसो वीरेन्द्रनगर नगरपालिका-४ स्थित जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेको थियो। प्रहरीले थप अनुसन्धानका लागि फागुन २४ गते अन्य १५, १६ र १७ वर्षीय बालकहरुलाई पनि नियन्त्रणमा लिएर अनुसन्धान गऱ्यो। पोष्टमार्टम रिपोर्टमा हिंस्रक यौनसम्पर्कका कारण अत्याधिक रक्तस्राब भएको देखिएको थियो। मृतक बालिका कक्षा ११ मा अध्ययनरत थिइन्। मृतकका आफन्तहरूले सामुहिक बलात्कारपछि हत्या भएको भन्दै दोषीहरुलाई कारबाहीको माग गरे। प्रहरीले चैत ११ गते जिल्ला सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। सरकारी वकिलको कार्यालयले चैत १५ गते अदालतमा अभियोजन दर्ता गऱ्यो। अदालतका न्यायाधिस दीपक ढकालको चैत १६ गतेको इजलासले चारै जना बालकलाई बाल सुधार गृहमा पठाउने आदेश दियो। शवको २७ दिनपछि चैत १९ गते परिवारजनले भेरी नदीमा सद्गत गरे। यस विषयमा इन्सेकले फागुन २३ गते घटनाको अध्ययन अवलोकन गर्दै प्रतिवेदन सार्वजनिक गरिएको थियो भने इन्सेकको अगुवाई फागुन २६ गते प्रहरीलाई सत्य, तथ्य र निष्पक्ष अनुसन्धानका लागि ज्ञापन पत्र बुझाइएको थियो।

### बलात्कार, यौन दुर्व्यवहार

#### हुम्ला

११ वर्षीया बालिकालाई ०८२ पुस २१ गते सामुहिक बलात्कार गरी गर्भवती बनाएको भन्दै पीडित पक्षले सर्केगाड गाउँपालिका-२ रिपका १३ वर्षीय, १४ वर्षीय र १३ वर्षीय तीन जना बालक विरुद्ध माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २९ गते जिल्ला अस्पताल हुम्लामा भयो। प्रहरीले आरोपितहरुलाई माघ २७ गते गिरफ्तार गऱ्यो। प्रहरीले फागुन १४ गते जिल्ला सरकारी कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। जिल्ला अदालतका न्यायाधिश निलकण्ठ बरालको फागुन १५

गतेको इजलासले १४ वर्षीय बालकलाई जयन्दु बाल सुधार गृह बाँकेमा पठाएको र १३ वर्षीय दुई बालकलाई अभिभावकको जिम्मा लगाएर घर पठाएको प्रहरीले जनायो।

१४ वर्षीया बालिकालाई ०८२ माघ २९ गते बलात्कार गरी गर्भवती बनाएको भन्दै पीडित पक्षले १७ वर्षीय बालक विरुद्ध फागुन २० गते जिल्ला प्रहरी कार्यालय हुम्लामा उजुरी दिए। प्रहरीले आरोपितलाई ०८२ फागुन २५ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २९ गते जिल्ला अस्पताल हुम्लामो भयो। प्रहरीले चैत २ गते सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। जिल्ला अदालतका न्यायधिस निलकण्ठ बरालको चैत ३ गतेको इजलासले आरोपितलाई जयन्दु बाल सुधार गृह बाँकेमा पठाउने आदेश दियो।

**जुम्ला**

हिमा गाउँपालिका-२ ओदीकी १४ वर्षीया विजकली रोकायालाई ०८२ पुस १९ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले कनका सुन्दरी गाउँपालिका-७ का १८ वर्षीय खेमराज रोकायविरुद्ध चैत ८ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा उजुरी दियो। उजुरी लगत्तै आरोपित फरार छन्। स्वास्थ्य परीक्षणका क्रममा चैत १ गते बालिकाको गर्भमा बच्चा रहेको देखियो। अत्याधिक रक्तअल्पताका कारण उनको स्वास्थ्य अवस्था जटिल बनेको थियो। उपचार पश्चात चैत ५ गते अस्पतालबाट बालिका डिस्चार्ज भइन्। अस्पतालमा उपचार गर्न आएपछि मात्रै घटना बाहिर आएको थियो।

१५ वर्षीया बालिकालाई ०८२ पुस २५ गते बलात्कार गरेको भन्दै १६ वर्षीय बालकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय जुम्लामा पुस २६ गते उजुरी दिए। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २६ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत माघ १२ गते जिल्ला अदालतमा अभियोजन दर्ता गर्‍यो। जिल्ला अदालतको माघ १३ गतेको इजलासले बालकलाई अभिभावकको संरक्षणमा रहनेगरी रिहा गर्ने आदेश दियो।

**कालिकोट**

१३ वर्षीया बालिकालाई ०८२ पुस २८ गते बलात्कार गरी गर्भवती बनाएको भन्दै रास्कोट नगरपालिका-१ हिप्कोटका ५० वर्षीय बले कामीविरुद्ध

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी-मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | ९ |
| घरेलु हिंसा | १ |
| बलात्कार प्रयास | ३ |
| यौन दुर्व्यवहार | १ |
| परिवारजनबाट हत्या | ३ |
| जम्मा | १७ |

पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २७ गते गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २७ गते जिल्ला अस्पताल कालिकोटमा भयो। जिल्ला अदालतको चैत १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिका सोशेक कालिकोटको सुरक्षित आवासगृहको आश्रयमा बस्दै आएकी छन्।

१५ वर्षीया बालिकालाई ०८२ पुस २१ गते यौन दुर्व्यवहार गरेको भन्दै खाँडाचक्र नगरपालिका-१ हाडाकोटका १६ वर्षीय सर्जने बिकविरुद्ध पीडित पक्षले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ६ गते गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण पुस २२ गते जिल्ला अस्पताल कालिकोटमा भयो।

**दैलेख**

९ वर्षीया बालिकालाई ०८२ पुस २२ गते बलात्कार गरेको भन्दै दुल्लु नगरपालिका-१ नाउलेका २१ वर्षीय दिपक नेपालीविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई ०८२ माघ ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते जिल्ला अस्पताल दैलेखमा भयो। प्रहरीले अनुसन्धान सकेर आरोपितविरुद्ध फागुन १ गते जिल्ला सरकारी वकील कार्यालय मार्फत जिल्ला अदालतमा जबरजस्ती करणी सम्बन्धी अभियोग दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको फागुन १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको दैलेख जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले बताए। मुद्दाको तहकीकात चलिरहेको छ।

९ वर्षीया बालिकालाई ०८२ फागुन २३ गते बलात्कार गरेको आरोपमा चामुण्डाबिन्द्रासैनी नगरपालिका-९ डौंसुरका ४४ वर्षीय डिल्ली रोकाय सार्कीविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन २९ गते जिल्ला अस्पताल दैलखमा भयो। प्रहरीले अनुसन्धान सकेर जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत १७ गते दैलेख जिल्ला अदालतमा जबरजस्ती करणी सम्बन्धी अभियोग दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको चैत १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले बताए। मुद्दाको तहकीकात चलिरहेको छ।

१३ वर्षीया बालिकालाई ०८२ माघ १२ गते बलात्कार गरी गर्भवती बनाएको आरोपमा ३६ वर्षीय काकाविरुद्ध पीडित पक्षले फागुन २४ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २५ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २४ गते गरी दैलेख अस्पतालमा गर्भपतन गराइएको थियो। प्रहरीले आरोपित विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत १८ गते जिल्ला अदालतमा हाडनाता तथा जबरजस्ती करणी सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको चैत १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको दैलेख जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले बताए। मुद्दाको तहकीकात चलिरहेको छ।

१४ वर्षीया बालिकालाई ०८२ चैत १५ गते बलात्कार गरेको आरोपमा ठाँटीकाँध गाउँपालिका-१ लकान्द्रका २१ वर्षीय किसन बिकविरुद्ध पीडित पक्षले चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते जिल्ला अस्पताल दैलेखमा भयो। अदालतबाट अनुमती लिई प्रहरी हिरासतमा राखी घटनाको सम्बन्धमा अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय दैलेखका इन्चार्ज डीएसपी गणेशबहादुर बरालले जानकारी दिए।

११ वर्षीया बालिकालाई ०८२ माघ २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा दुल्लु नगरपालिका-९ पादुकाका २० वर्षीय तेजबहादुर नेपालीविरुद्ध पीडित पक्षले फागुन १ गते प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २५ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश कुलप्रसाद पाण्डेको फागुन २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको दैलेख जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले जानकारी बताए। मुद्दाको तहकीकात चलिरहेको छ।

**जाजरकोट**

१६ वर्षीया बालिकालाई ०८२ पुस २० गते बलात्कार गरेको भन्दै बारेकोट गाउँपालिका-९ खारीका ४८ वर्षीय जनक महतारा विरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले अरोपितलाई पुस २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २९ गते जिल्ला अस्पताल जाजरकोटमा भयो। जिल्ला अदालतको माघ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी बसन्तकुमार शर्माले बताए।

१६ वर्षीया बालिकालाई ०८२ पुस २१ गते बलात्कार गरेको भन्दै ५३ वर्षीय काकाविरुद्ध पीडितले चैत १ जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले अरोपितलाई चैत १ गते गिरफ्तार गऱ्यो। पीडितको

स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पताल जाजरकोटमा भयो। जिल्ला अदालतको ०८२ चैत २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

**सल्यान**

६ वर्षीया बालिकालाई ०८२ पुस १८ गते बलात्कार गरेको भन्दै १७ वर्षीय दाजु नातापर्ने बालकविरुद्ध पीडितकी आमाले पुस १९ गते इलाका प्रहरी कार्यालय थारमारेमा उजुरी दिइन्। प्रहरीले आरोपिलाई पुस २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते जिल्ला अस्पताल सल्यानमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमा माघ ६ गते अनुसन्धान प्रतिवेदन बुझायो। सरकारी वकिलको कार्यालयले माघ ७ गते आरोपित विरुद्ध अदालतमा अभियोजन दर्ता गऱ्यो। अदालतको माघ ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि जयन्तु बाल सुधार गृह बाँकेमा पठाउने आदेश दियो। हाल मुद्धा जिल्ला अदालतमा चलिरहेको छ ।

९ वर्षीया बालिकालाई ०८२ माघ २६ गते बलात्कार गरेको भन्दै दाजु नाता पर्ने १७ वर्षीय बालक विरुद्ध पीडितकी आमाले माघ २७ गते इलाका प्रहरी कार्यालय लुहाममा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ २७ गते नै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परिक्षण माघ २७ गते जिल्ला अस्पताल सल्यानमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयलाई फागुन १२ गते अनुसन्धान प्रतिवेदन बुझायो। जिल्ला सरकारी वकिलको कार्यालयले फागुन ४ गते जिल्ला अदालतमा अभियोजन दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १४ गतेको इजलासले आरोपितलाई जयन्तु बालसुधार गृह बाँकेमा पठाउने आदेश दियो। अदालतमा मुद्दा चलिरहेको छ। हालसम्म मुद्दाको फैसला भएको छैन।

**सुर्खेत**

१७ वर्षीया बालिकालालाई ०८२ पुस १९ गते बलात्कार गरेको भन्दै लेकवेसी नगरपालिका-६ सोरठीका २१ वर्षीय बसन्त थापा विरुद्ध पीडितले पुस २२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण पुस २२ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। आरोपित हालसम्म फरार छन्।

२ वर्षीया बालिकालालाई ०८२ पुस २१ गते बलात्कार गरेको भन्दै भेरीगंगा नगरपालिका-७ दरमानेका १४ वर्षीय बालक विरुद्ध पीडितले पुस २२ गते इलाका प्रहरी कार्यालय छिञ्चुमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण पुस २२ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई पुस २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ १५ गतेको इजलासले आरोपितलाई बाल सुधार गृह नौबस्ता बाँके पठाउने आदेश दियो।

१७ वर्षीया बालिकालालाई ०८२ पुस २० गते बलात्कार गरेको भन्दै पञ्चपुरी नगरपालिका-३ तोक्माका २२ वर्षीय किरण कुमार चपाइ विरुद्ध पीडितले पुस ३० गते इलाका प्रहरी कार्यालय बाबियाचौरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण पुस ३० गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई पुस ३० गते नै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार पठाउने आदेश दियो।

८ वर्षीया बालिकालाई ०८२ पुस २९ गते बलात्कार गरेको भन्दै कालिकोट जिल्ला शुभकालिका गाउँपालिका-२ घर भई हाल सुर्खेत वीरेन्द्रनगर नगरपालिका-३ बस्दै आएका ५९ वर्षीय अनिराम तिमिलसेना विरुद्ध पीडितले पुस ३० गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण पुस ३० गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गऱ्यो। अदालतको माघ २८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

१३ वर्षीया बालिकालाई ०८२ पुस २१ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-७ इत्रामका २३ वर्षीय लक्ष्मण थापा विरुद्ध पीडितले माघ १२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण माघ १२ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। आरोपित फरार रहेका छन्।

६ वर्षीया बालिकालालाई ०८२ माघ १६ गते बलात्कार गरेको भन्दै बराहताल गाउँपालिका-५ चेपाङका ४५ वर्षीय भरत नेपाली विरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दियो। पीडितको स्वास्थ्य परिक्षण माघ १६ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई माघ १७ गते नै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन ४ गतेको इजलासल पुर्पक्षका लागि कारागार पठाउने आदेश गऱ्यो।

११ वर्षीया बालिकालालाई ०८२ चैत ५ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-४ कृष्ण टोलका १८ वर्षीय कैलाश सुनार विरुद्ध पीडित पक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दियो।

पीडितको स्वास्थ्य परिक्षण चैत ९ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई चैत ९ गते नै गिरफ्तार गऱ्यो। उक्त घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

**डोल्पा**

२९ वर्षीया महिलालाई ०८२ माघ ६ गते शे-फोक्सुण्डो गाउँपालिका–३ पोतका ४८ वर्षीय क्यालजङ गुरुङले यौन दुर्व्यवहार गरेको भन्दै पीडितले माघ ९ गते आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालय डोल्पामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ १३ गते गिरफ्तार गऱ्यो। अदालतको माघ २७ गतेको इजलासले आरोपितलाई पुर्पपक्षका लागि कारागार पठाउने आदेश दियो।

३८ वर्षीया महिलालाई ०८२ माघ २९ गते छार्कताङसोङ गाउँपालिका-५ का २९ वर्षीय कुन्साङ गुरुङले बलात्कारको प्रयास गरेको भन्दै पीडितले ०८२ फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन। प्रहरीले आरोपितलाई फागुन ६ गते गिरफ्तार गऱ्यो। अदालतको फागुन २६ गतेको इजलासले आरोपितलाई ५० हजार रुपैयाँ धरौटीमा छोड्ने आदेश दियो।

**कालिकोट**

२१ वर्षीया महिलालाई ०८२ पुस २१ गते बलात्कार गरेको भन्दै पलाता गाउँपालिका-१ का २९ वर्षीय रजबहादुर बुढाविरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १२ गते जिल्ला अस्पतालमा भयो। आरोपित हालसम्म फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

**दैलेख**

२१ वर्षीया महिलालाई बलात्कार, हत्या तथा भ्रुण हत्या गरेको आरोपमा आठबीस नगरपालिका-४ राकमका २४ वर्षीय निराजन माझी विरुद्ध पीडित पक्षले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितले ०८२ पुस २१ गते बलात्कारबाट गर्भ रहन गएकोमा माघ २१ गते गर्भपतन गराई माघ २२ गते फरार भए। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन २ गते दैलेख अस्पतालमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् चैत १७ गते जिल्ला अदालतमा जबरजस्ती करणी तथा भ्रुण हत्या सम्बन्धी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश कुलप्रसाद पाण्डेको चैत १७ गतेको इजलासले आरोपितलाई अदालतमा हाजिर हुन घर ठेगानामा म्याद जारी गरी पठाइएको दैलेख जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले बताए। मुद्दाको तहकीकात चलिरहेको छ।

**जाजरकोट**

१८ वर्षीय महिलालाई ०८२ माघ २० गते बलात्कार गरेको भन्दै भेरी नगरपालिका-७ डौरीखोलाका १४ वर्षीय बालक विरुद्ध पीडितले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले अरोपित बालकलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते जिल्ला अस्पताल जाजरकोटमा भयो। जिल्ला अदालतको ०८२ फागुन १३ गतेको इजलासले आफन्तको जिम्मा लगाउने आदेश दिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी बसन्तकुरमा शर्माले बताए।

२५ वर्षीया महतारा थरकी महिलालाई ०८२ माघ २२ गते बलात्कार गरेको भन्दै छेडागाड नगरपालिका-९ पजारुका ४२ वर्षीय पशुपति अधिकारी विरुद्ध पीडितले फागनु ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले अरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते जिल्ला अस्पताल जाजरकोटमा भयो। जिल्ला अदालतको चैत १६ गतेको इजलासले आरोपितलाई साधारण तारेखमा छोड्ने आदेश दियो।

**सल्यान**

४४ वर्षीया महिलालाई ०८२ फागुन १३ गते बलात्कारको प्रयास गरेको भन्दै कुमाख गाउँपालिका–२ नेटा बजारका ५५ वर्षीय पहलमान रेग्मी विरुद्ध पीडितले फागुन १९ गते जिल्ला प्रहरी कार्यालय सल्यानमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते जिल्ला अस्पताल सल्यानमा भयो। आरोपित फरार रहेका छन्। प्रहरीले अनुसन्धान गरिरहेको छ।

**सुर्खेत**

३२ वर्षीया महिलालाई ०८२ पुस २८ गते गत बलात्कार गरेको भन्दै कालिकोटको शुभकालिका

गाउँपालिका-२ स्थायी घर भई हाल वीरेन्द्रनगर नगरपालिका-३ बस्ने ५९ वर्षीय अनिराम तिमिल्सेना विरुद्ध पीडित पक्षले पुस ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस ३० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस ३० गते प्रदेश अस्पताल सुर्खेतमा भयो। जिल्ला अदालत सुर्खेतको माघ २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि कारागार पठाउने आदेश दियो।

४२ वर्षीया महिलालाई ०८२ फागुन ३ गते बलात्कार गरेको भन्दै पीडितले वीरेन्द्रनगर नगरपालिका-१ का २३ वर्षीय बिमल विक विरुद्ध फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। जिल्ला अदालतको फागुन २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

१९ वर्षीया महिलालाई ०८२ पुस २६ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१४ का ३५ वर्षीय मणिराम गौतम विरुद्ध पीडितले पुस २९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण पुस ३० गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई पुस ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

३० वर्षीया महिलालाई ०८२ माघ १२ गते बलात्कार गरेको भन्दै दैलेख जिल्लाको डुङ्गेश्वर गाउँपालिका-२ घर भई हाल सुर्खेतको बराहताल गाउँपालिका-१० मा बस्दै आएका ३३ वर्षीय अर्जुन कुमार गुरुङ विरुद्ध पीडितले माघ १३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परिक्षण माघ १३ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई माघ १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

२४ वर्षीया अपाङ्गता भएकी महिलालाई ०८२ माघ २४ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नगरपालिका-१० चन्द्रनगरका ३० वर्षीय बले खानविरुद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए। पीडितको स्वास्थ्य परिक्षण माघ २६ गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई माघ २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन २० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

२३ वर्षीया महिलालाई ०८२ पुस २८ गते बलात्कारको प्रयास गरेको भन्दै भेरीगंगा नगरपालिका-३ डुङगीखोलाका ६५ वर्षीय देव बहादुर वली विरुद्ध पीडितले पुस ३० गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण पुस ३० गते प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

## पारिवारिक हत्या

### कालिकोट

नरहरिनाथ गाउँपालिका-३ का २२ वर्षीया मनपुरा अधिकारी बुढालाई ०८२ चैत १४ गते अत्याधिक मदिरा सेवन गरी घरायसी विवादका कारण कुटपिट गरी हत्या गरेको भन्दै मृतकका दाजुले ३२ वर्षीय पति काशिराम बुढा विरुद्ध चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १६ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम चैत १६ गते जिल्ला अस्पताल कालिकोटमा भयो। परिवारजनले शवको सद्गत चैत १७ गते गरे।

### दैलेख

दुल्लू नगरपालिका-९ पादुकाकी २१ वर्षीया मैसु चुनारालाई यातनासँगै घरेलु हिंसा गरेर ०८२ फागुन ३ गते आत्महत्या गर्न बाध्य पारेको आरोपमा उनका पति २६ वर्षीय गोपाल सुनार विरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो। शवको पोर्ष्टमार्टम फागुन ४ गते दैलेख अस्पतालमा भयो। प्रहरीले अनुसन्धान सकेर जिल्ला सरकारी वकील कार्यालय मार्फत फागुन २५ गते जिल्ला अदालतमा आत्महत्या दुरुपयोग सम्बन्धी अभियोग दर्ता गऱ्यो। जल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको फागुन २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला अदालतका श्रेस्तेदार उपसचिव बीरेन्द्रबहादुर मल्लले बताए। मुद्दाको तहकीकात चलिरहेको छ।

**रुकुम पश्चिम**

त्रिवेणी गाउँपालिका-१ का ७४ वर्षीय गणेशबहादुर कामीले ०८२ माघ ३ गते ६५ वर्षीया पत्नी पम्फा कामीको घरायसी विवादका कारण टाउको र हातमा सनासोले हानेर गम्भीर घाइते बनाए। पम्फाको उपचारका लागि नेपालगन्ज लैजाँदै गर्दा बाटोमा मृत्यु भयो। पीडितकी बुहारीले माघ ४ गते उजुरी दिएपछि सोही दिन आरोपितलाई प्रहरीले गिरफ्तार गर्‍यो । परिवारजनले माघ ५ गते शवको सद्गत गरे। प्रहरीले माघ ११ गते सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझायो। सरकारी वकिल कार्यालयले माघ १५ गते अदालतमा अभियोजन दर्ता गर्‍यो। अदालतको माघ १८ गतको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

## घरेलु हिंसा

**दैलेख**

दुल्लू नगरपालिका-१३ मालिकाकी २३ वर्षीया कृष्णा शाहीलाई उनका पति २३ वर्षीय प्रल्हाद शाहीले ०८२ माघ २७ गते बिना कारण कुटपिट गरी घर निकाला गरेको भन्दै पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दियो। उजुरीका आधारमा सोधीखोजी गर्दा आरोपित घर छोडी हिंडेकोले फेला नपरेको कारण गिरफ्तार गरिएको छैन। घटनापछि ४ वर्षको छोरा सहित पीडित महिला दैलेखको महाबु गाउँपालिका-२ वडखोलास्थित माइती घरमा आश्रय लिई बसेको छलफल हुन नसकेको प्रहरी जवान रुमा आचार्यले बताइन्।

## जातीय विभेद

**जुम्ला**

गुठीचौर गाउँपालिका-३ गज्यांकोटका २७ वर्षीय राजबहादुर सुनारलाई ०८२ चैत १५ गते अपशब्द प्रयोग गरी जातीय विभेद गरेको आरोपमा गुठीचौर गाउँपालिका-३ गज्यांकोट गाउँकी २२ वर्षीया कविता बुढाविरुद्ध पीडित पक्षले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १६ गते गिरफ्तार गर्‍यो। चन्दननाथ नगरपालिका-५ कालेखोलीको एक सार्वजनिक होटलमा सुनारलाई अपशब्द प्रयोग गरी जातीय विभेद गरेको भिडियो सामाजिक सञ्जाल मार्फत बाहिरिएको थियो।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**कर्णाली प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : नारायण सुवेदी, **संयोजन/सम्पादन** : जगतदल जनाला विक

वीरेन्द्रनगर नगरपालिका–७, इत्राम, सुर्खेत, फोन : ०८३–५२१४८९

इमेल : surkhet@insec.org.np, Website : www.inseconline.org